आज मिति २०७५ साल फागुन २६ गते यस भेरीगंगा नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री रेणु आचार्यको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री रेणु आचार्य, का.वा. नगर प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीत बहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्ष्मन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री बलविर सुनार, (सदस्य सचिव) नि.प्रमुख प्रशासकीय अधिकृत
श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री कुल बहादुर खड्का, ना.सु.
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत
श्री लक्ष्मी प्रसाद आपकोटा, का.स.

Scanned by CamScanner

**प्रस्ताव नं. १ : बबई क्षेत्रको नक्सांकन सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाको तेश्रो नगरसभाबाट निर्णय नं. १ मा भएको निर्णय वमोजिम भेरीगंगा वडा नं. ५ मा पर्ने बबई क्षेत्रको नक्सांकनमा नपरेको भूभागलाई नक्साङ्कन गर्न प्रदेश सरकार तथा संघीय सरकारलाई आग्रह गर्ने निर्णय गरेवमोजिम भएको पत्राचार पश्चात मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, सुर्खेतको च.नं. ९१७, मिति २०७५।११।१० गतेको पत्रानुसार उक्त क्षेत्र हाल आएर सुर्खेत जिल्ला भेरीगंगा नगरपालिकामा नआई विगत २०२२ सालअघि देखि नै रहेको र हालसम्मका स्थानीय तथा केन्द्रीय निर्वाचनमा समेत सुर्खेतवाटै नेतृत्व चयन गर्ने गर्दै आईरहेको छ । उक्त क्षेत्रमा हालपनि एउटा मतदान केन्द्र, एउटा शहरी स्वास्थ्य केन्द्र, विद्यालय राष्ट्रिय गौरबको योजना भेरी बबई डाईभर्सन आयोजना हाल संचालनमै रहेको, जग्गा धनी प्रमाणपत्र पुर्जा सुर्खेतमै रहेको, मतदाता नामावली सुर्खेतबाटै रहेको, नागरिकता जारी सुर्खेतवाटै भएकोलगायतका धेरै आधारहरु रहेकोले उक्त क्षेत्रको नक्सांकन गर्नका लागि सर्वसम्मतिवाट निर्णय गरियो ।

**प्रस्ताव नं. २ : रारा नाटक महोत्सवको लागि रकम विनियोजन सम्बन्धमा ।**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाबाट सुर्खेतमा जारी रारा नाटक महोत्सवका लागि ३० हजार रुपैयाँ लक्षित शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : राष्ट्रिपति रनिङ शिल्ड कपको लागि रकम सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकाबाट राष्ट्रिपति रनिङ शिल्ड कपको लागि रु ६० हजार रुपैयाँ खेलकुद शिर्षकवाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : ईन्द्रेनी समूह भेरीगंगा ४ लाई वेट मेसिन सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिकाबाट ईन्द्रेनी समूहलाई वेट मेसिनका लागि रु २५ हजार रुपैयाँ लक्षित वर्गबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : बबई गेरुवानी शहरी स्वास्थ्य केन्द्रका कर्मचारीको पारिश्रमिक सम्बन्धमा ।**

निर्णय नं. ५ : गेरुवानीका कर्मचारीहरुको पारिश्रमिक व्यवस्थापन सम्बन्धमा छलफल गर्दा आवश्यक रकम कर्मचारी पारिश्रमिक शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : अवलोकन भ्रमणमा सहभागिहरुलाई भत्ता दिने सम्बन्धमा ।**

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिकाबाट अन्तरनगरपालिका स्तरिय अवलोकन भ्रमणका गएका पदाधिकारीहरुलाई दैनिक एक हजारका दरले पाँच दिनको भ्रमणभत्ता अवलोकन भ्रमणवाट बचत रकम र अपुग रकम विविध शिर्षकवाट एक लाख ४५ हजार विनियोजन गरी प्रदान गर्ने निर्णय गरियो ।

Scanned by CamScanner